# कनकासुन्दरी गाउँपालिका

# स्थानिय राजपत्र

**खण्ड ३** **संख्या १** **मिति २०८१।०२।२१**

**कनकासुन्दरी गाउँपालिका**


## कनकासुन्दरी गाउँपालिकाको अनुदान तथा सहायता रकम निकासा एवम कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

**प्रस्तावनाः** कनकासुन्दरी गाउँसभाको आ व ०८०।०८१ को वजेट तथा कार्यक्रम अनुसार कनकासुन्दरी गाउँकार्यपालिकावाट शैक्षिक एवम सामाजिक संस्थाहरुलाई अनुदान तथा सहायता रकम निकासा गरी संञ्चालन गर्नु पर्ने कार्यक्रमहरुलाई व्यवस्थित, पारदर्शि, गुणस्तरिय, मितव्ययि तथा प्रभावकारी रुपमा संञ्चालन गर्न वान्छनिय भएकोले कनकासुन्दरी गाउँपालिकाको शिक्षा नियमावली २०७५ को नियम ८२(१) वमोजिक कनकासुन्दरी गाउँकार्यपालिकाले अनुदान तथा सहायता रकम निकासा एवम कार्यक्रम कार्यान्वयन गर्न यो कार्यविधि २०८१ वनाएको छ ।

**१. सम्क्षिप्त नाम र प्रारम्भः(क)** यस कार्यविधिको नाम अनुदान तथा सहायता रकम निकासा एवम कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ रहेको छ।

(ख) यो कार्यविधि कनकासुन्दरी गाउँपालिकाको गाउँकार्यपालिकाबाट स्विकृत भई राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२ परिभाषा:-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**(क) "कार्यविधि"** भन्नाले अनुदान तथा सहायता रकम निकासा एवम कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ सम्झनु पर्दछ ।

**(ख)"अनुदान तथा सहायता रकम"** भन्नाले प्रविधिक शैक्षिक तथा सामाजिक संस्थाहरुको संरचनात्मक र सेवाको गुणस्तर सुधार गर्न तथा त्यहाँ कार्यरत जनसक्तिहरुलाई प्रोत्साहान तथा पारिश्रमिक अनुदान स्वरुप कनकासुन्दरी गाउँपालिकाको गाउँसभावाट पारित गराई कनकासुन्दरी गाउँपालिका वाट उपलव्ध गराईने एकमुष्ठ निकासा रकमलाई सम्झनु पर्छ ।

**(ग)"प्राविधिक शैक्षिक संस्था"** भन्नाले प्रचलित कानुन वमोजिम स्थापना भई कनकासुन्दरी गाउँपालिका भित्र संञ्चालनमा रहेका माध्यमिक विद्यालय, प्राविधिक शिक्षालय र क्यामपस समेतलाई सम्झनु पर्छ ।

**(घ)"अध्यक्ष"** भन्नाले विद्यालय वा क्यामपस संञ्चालन एवम व्यावस्थापन गर्न नेपाल सरकार वा प्रदेश सरकार वा स्थानिय सरकारको प्रचलित ऐन नियम अनुसार गठित विद्यालय वा क्यामपस संञ्चालन समितिको अध्यक्ष सम्झनु पर्दछ।

**(ङ)"शिक्षक वा प्रशिक्षक"** भन्नाले नेपाल सरकारवाट अनुदान प्राप्त गरी संचालनमा रहेका सामुदायमा आधारीत पुर्व प्राथमिक विद्यालय वा सामुदायिक विद्यालय र प्राविधिक शिक्षालयमा कार्यरत शिक्षकलाई सम्झनु पर्दछ ।

**(च)"विद्यालय सहयोगि"** भन्नाले कनकासुन्दरी गाउँपालिकाको अनुदान रकमवाट पारिश्रमिक पाउने गरी विद्यालयले नियुक्ति गरेका सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगिलाई सम्झनु पर्दछ।

**(छ)"कार्यपालिका स्तरिय निर्णय"** भन्नाले कनकासुन्दरी गाउँपालिका गाउँकार्यपालिकावाट स्वीकृत भएको निर्णय वा कार्यक्रमलाई सम्झनु पर्दछ।

**(ज) "स्वीकृत कार्यक्रम"** भन्नाले कनकासुन्दरी गाउँपालिकाको गाउँसभावाट प्रकाशित व्याय अनुमानको विवरण (खर्च शिर्षकगत र स्रोतगत समेत) मा उल्लेखित शिर्षकगत कृयाकलापहरुको विस्तृत्तिकरण समेतलाई सम्झनु पर्दछ ।

(झ)"प्रधानाध्यपक" भन्नाले विद्यालयको आर्थिक एवम प्रशासकिय जिम्मेवारी प्राप्त प्रमुख अध्यापक सम्झनु पर्दछ ।

**(ञ)"गाउ कार्यपालिका"** भन्नाले कनकासुन्दरी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

**(ट)"कार्यक्रम कार्यन्वयन पुस्तिका"** भन्नाले प्रत्येक आ.व. मा गाउँसभावाट कार्यक्रम कार्यान्वयनका लागि तयार पारिएको राजपत्रलाई सम्झनु पर्छ ।

**(ठ)"वैक"** भन्नाले यो कार्यविधि मार्फत अनुदान वा सहयोगको रकम हितकारीलाई वितरण गर्ने वैक वा वित्तिय संस्था सम्झनु पर्दछ ।

**(ड)"विद्यालयका कर्मचारि"** भन्नाले सामुदायिक माध्यमिक विद्यालयहरुमा नेपाल सरकारको अनुदान रकम र यसै कार्यविधि बमोजिमको सहायता रकमबाट पारीश्रमिक पाउने गरी विद्यालयले नियुक्त गरी काम काज गरी रहेका विद्यालय कर्मचारीलाई सम्झनु पर्दछ ।

(ढ)"गाउँपालिका" भन्नाले कनकासुन्दरी गाउँपालिकालाई सम्हानु पर्दछ ।

**(ण)"सामुदायिक विद्यालय"** भन्नाले प्रचलित ऐन वमोजिम शैक्षिक संस्थाको रुपमा स्थापना भई संञ्चालनमा रहेका विद्यालयलाई सम्झनु पर्दछ ।

**(त)"क्याम्पस प्रमुख"** भन्नाले क्यामपसको आर्थिक एवम प्रशासकिय जिम्मेवारी प्रमुख
अध्यायपकलाई सम्झनु पर्दछु ।

**(थ)"समाजिक संस्था"** भन्नाले समाजिक संस्थाको रुपमा कानुन वमोजिम दर्ता भई संचालनमा रहेका गैर नाफामुलक समाजिक कार्यमा संम्लग्न संस्थाहरुलाई सम्हानु पर्दछ ।

**(द)"भौतिक निर्माण सम्वन्धि कार्यक्रम हरु"** भन्नाले भवन निर्माण तथा मर्मत खेल मैदान निर्माण तथा मर्मत घेरवार निर्माण भौतिक संरचना सुधार लगायतका निर्माण तथा मर्मत सम्वन्धि कार्यहरु सम्झनु पर्दछ ।

**३.शैक्षिक संस्थालाई अनुदान तथा सहायत रकम निकास प्रकृया :** यस कर्यविधि वमोजिम सामुदायिक विद्यालयका विद्यालय सहयोगि र विद्यालयका कर्मचारीहरुलाई प्रोत्साहान तथा परिश्रमिक अनुदान सहायत रकम देहाय अनुसार निकासा गरिनेछ ।

क) अनुदान प्राप्त गर्ने विद्यालयले शीक्षक विद्यालय सहयोगि र विद्यालयका कर्मचारीहरुको विवरण कनकासुन्दरी गाउँपालिकाको गाउ शीक्षा समितिमा पेश गर्ने ।

(ख) उपदफा १(क) वमोजिमको विवरण प्राप्त भएपछि गाउँपालिकाले सम्वन्धित विद्यालयको खातामा शिक्षक विद्यालय सहयोगि र विद्यालयका कर्मचारीहरुको पारीश्रमिक रकम एकमुष्ठ निकासा दिनेछ । गाउँपालिकाले सो रकम सम्वन्धित विद्यालयको खातामा पारीश्रमिक निकासा दिदा सम्वन्धित विद्यालयको हाजिरी प्रमाणित र सिफारिस अनिवार्य रुपमा पेश गर्न लगाउनु पर्नेछ ।

(ग) यस कार्यविधि वमोजिम अनुदान प्राप्त गर्ने विद्यालयहरुले कनकासुन्दरी गाउँपालिकावाट निकास प्राप्त भएको अनुदान तथा सहायता वापतको रकम सम्वन्धित शिक्षक विद्यालय सहयोगि र विद्यालयका कर्मचारीहरुको बैंक खातामा निकास गरी वा भर्पाई गरी नगदै भुक्तिन दिई कनकासुन्दरी गाउँपालिकालाई जानकारी दिनु पर्नेछ र सोको समिष्ठिगत विवरण गाउँपालिकालाई पठाउनु पर्नेछ।

(घ) विद्यालयले अनुदान प्राप्त गर्न अधिल्लो आ.व. मा माध्यामिक तहमा प्राविधिक कार्यक्रमको अनुमति प्राप्त गरी कम्तिमा १ वर्ष संञ्चालन गरेको हुनु पर्नेछ । सम्वन्धित विद्यालयले शैक्षिक तथ्याङक भरेको विद्यालय निरिक्षकवाट प्रमाणित गराएर मात्र अनुदान रकम निकासा दिनु पर्नेछ ।

**४. शैक्षिक संस्थाको भौतिक निर्माण सम्वन्धी व्यवस्थाः** (१) यस कार्यविधि वमोजिम शैक्षिक संस्थालाई भौतिक निर्माण सम्वन्धी अनुदान देहाय वमोजिमको प्रकृया अनुसार प्रदान गरीनेछ ।

(क) गाउँपालिकाले शैक्षिक संस्था छनौट भएको जानकारी गर्न लगाउने र १५ दिनको म्याद तोकि सम्वन्धित शैक्षिक संस्थाले तोकियको समयमा कार्य सम्पन्न गर्ने लिखित प्रतिवद्धता तथा अन्य आवश्यक कागजात माग गर्ने र सो प्राप्त भएपछि सार्वजनिक खरीद ऐन २०६३ र नियमावलि २०६४ वमोजिम निर्माणको प्रकृया अघि वढाउनु पर्नेछ ।

(ख) निर्माण र मर्मत संभार कार्य नेपाल राष्टिय भवन संहिता मा भएको व्यवस्था अनुसार गुणस्तरिय विपद प्रतिरोधि, अपाङ्गमैत्रि, छात्रामैत्रि एवम वातावरण मैत्रि हुने गरी गर्नु गराउनु पर्नेछ ।

(ग) सम्वन्धित शैक्षिक संस्थाले सम्झौता अनुसारको कार्यक्रमको परीणाम तथा लागत अनुमान तयार गर्दा कनकासुन्दरी उँपालिकाको दर रेट तथा स्वीकृत सरकारि नर्म्सको प्रयोग गर्नु पर्नेछ ।
यसरी लागत अनुमान तयार गर्दा कार्यक्रम तर्फ व्यहोरीने शैक्षिक संस्थाको तर्फवाट व्यहोरीने जनश्रमदान वा नगद खर्च वा अन्य कुनै श्रोतवाट व्यहोरिने खर्च समेत खुलेको हुनु पर्नेछ ।

(घ) ट्रस सहितको भवन निर्माण गर्दा आई यस ओ मान्यता प्राप्त कम्पनिवाट ग्यालवनाईज्ड ट्रस समाग्रि प्रयोग गर्नु पर्नेछ।

(ङ) शैक्षिक संस्थाको भवन निर्माण गर्दा असक्तहरुले समेत प्रयोग गर्न सक्ने गरी रोडम्याप राखि हुईल चियर जान सक्ने गरी निर्माण गर्ने व्यवस्था समेत मिलाउनु पर्नेछ । सवै ढोकाहरु वाहिर खुल्ने व्यवस्था समेत अनिवर्य गर्नु पर्नेछ ।

(२) तोकिएको प्राविधिक कर्मचारीको सिफारिसको आधारमा कार्य सम्पन्न भएको सुनिश्चित गरी कार्यक्रम संञ्चालनको प्रविधिक खर्च पाच प्रतिशत नवढ्ने गरी कटिजेन्सि वाफतको रकम कट्टा गरी वाकि हुन आउने अनुदान रकम देहाय अनुसार तिन किस्तामा निकास गर्नु पर्नेछ ।

(क) स्थानिय निर्माण समाग्री जस्तै ट्रस, जस्ता, पात, ढुङ्गा, ईट्टा, गिट्टि, वालुवा आदि संकलन गरी जग खन्ने कार्य गर्न पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको ३० प्रतिसत रकम ।

(ख) स्टक्चरल पाटको कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रुपमा कुल अनुदान ५० प्रतिसत रकम ।

(ग) कार्य सम्पन्न गरे पश्चात नापि किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा कुल अनुदान रकमको वाकि रकम एकमुष्ठ उपलव्ध गराईनेछ ।

(घ) रु १० लाख वा सो भन्दा कम कुल लागत भएका कार्यक्रमको हकमा पहिलो किस्ता पश्चात ३० प्रतिसत र कार्य सम्मपन्न गरे पश्चात अन्तिम किस्ताको रुपमा कुल अनुदान रकमको एकमुष्ठ वाकि रकम ।

(ङ) भौतिक निर्माणका लागि अनुदान प्रप्त गर्ने शैक्षिक संस्थाहरुले चालु आ.व. को जेष्ठ मसान्त सम्ममा निर्माण कार्य सम्पन्न गरी असार १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी गराई एक प्रति सम्वन्धित शैक्षिक संस्थामा र एक प्रति गाउँपालिकामा राखु पर्नेछ ।

**५. निर्माण कार्यको रेखदेख एवम प्रतिवेदन तयार गर्ने कार्य देहाय अनुसार हुनेछः** (क) निर्माण कार्यको डूईङ वा डिजाईन, लागत स्टिमेट, प्रविधिक रेखदेख, रनिङविल, नापि किताव, कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने समेतका कार्य गाउँपालिकावाट तोकिएका प्राविधिकहरुले गर्नेछन।

(ख) निर्माण कार्यका लागि आवश्यकता अनुसार गाउँपालिकासँग ईन्जिनियरीङ प्राविधिक सहयोग लिन सकिनेछ।

(ग) सम्झौता अवधि भित्र निर्माण सम्पन्न नगरी प्राप्त रकमको हिनामिना वा दुरुपयोग गर्ने वा निर्माण कार्य नगरी अन्य प्रयोजनका लागि खर्च गर्ने वा निकासा गरिएको प्रयोजनमा खर्च नै नगरी खातामा रकम जम्मा गरी राख्ने शैक्षिक संस्थाहरुवाट तत्काल त्यस्तो रकम असुल उपर गर्ने कारवाहि गाउँपालिकाले गर्नेछ ।

(घ) शैक्षिक संस्थाका भौतिक निर्माण कार्यहरुको लागि कनकासुन्दरी गाउँपालिकाले आवश्यकता अनुसार वजेट विनियोजना गर्नेछ ।

**६. प्राविधिक धारका समुदायिक विद्यालयको गुणात्मक सुधारका लागि अनुदान :** (क) कार्यक्रमका लागि छनोट भएका गाउँपालिका भित्रका साविक शिक्षा विभागवाट अनुमति प्राप्त गरि माध्यमिक तह काक्षा ९ देखि १२ वा प्राविधिक शिक्षा तथा तालिम बिकास परिषद (CTEVT) वाट टि एस एल सि वा डिप्लोमा र विश्व विद्यालयवाट स्नातक तहमा प्राविधिक धार संञ्चालन गर्ने विद्यालयले गुणस्तर सुधार तथा सिकाई समाग्रिहरु व्यवस्थापनका कृयाकलापहरुमा शैक्षिक कार्यक्रम प्रस्ताव तयार गरी सम्वन्धित विद्यालय व्यवस्थापन समितिवाट स्वीकृत गराई गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(ख) गाउँपालिकाले अनुदानका लागि छनौट भएका विद्यालयसँग स्वीकृत कार्यक्रम अनुसार कार्यसम्पन्न गर्न सम्झौता गरी सम्बन्धित बिद्यालयको खातामा गाउँपालिकाले अवश्यकता अनुसार रकम जम्मा हुने गरी निकासा दिनेछ ।

(ग) विद्यालयले खण्ड (२) बजोजिम को रकमबाट सम्झौता बमोजिमको कार्यक्रम सम्पन्न गरी विल भरपाई र कार्यसम्पन्न प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

**७. प्राविधिक धारका सामुदायिक विद्यालयमा पुस्तकालय व्यवस्थापन अनुदानः** (क) गाउँपालिकाले अनुदान रकम अन्त्रगत खरीद गर्नु पर्ने सामाग्रीको स्पेसिफीकेसन तयार गरी सार्वजनिक गर्ने छ ।

(ख) छनौट भएका विध्यालयले विध्यालयल व्यवस्थापन समितिको निणर्य अनुसार पुस्तकालय व्यवस्थापन कार्यका लागि (पुस्तक फर्निचर तथा फिक्चर्सर अनुदान रकम आवश्यकता अनुसार कार्यक्रम प्रस्ताव तयार गरी गाउँपालिकामा पेश गर्नुपर्ने छ ॥

(ग) गाउँपालिकाले अनुदानका लागि छनौट भएका विद्यालयहरुसंग सम्झौता गरी सम्बन्धित शैक्षिक संस्थाहरुको खातामा प्रत्येक शैक्षिक संस्थालाई तोकिएको रकम एकमुष्ठ निकासा दिईनेछ ।

(घ) प्राविधिक धारको विद्यालयले प्रस्ताव बमोजिमको कार्यक्रम सम्पन्न गरी विल भरपाई पुस्तकालय स्थापनाको फोटो, विद्यालय व्यवस्थापन समितिको निणर्य र कार्यसम्पन्न प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ।

**८. लेखा परीक्षण सम्वन्धि व्यवस्थाः**(क) यस कार्यबिधि बमोजिम प्रदान गरीने अनुदान कार्यक्रमको लेखा परीक्षण प्रचलित आर्थिक ऐन र नियमावलि बमोजिम हुनेछ ।

(ख) यस कार्यविधि बमोजिम प्रदान गरीएको अनुदान कार्यक्रमको सम्बिन्धित शैक्षिक संस्थाले सामाजिक परीक्षण गरी सो को प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्ने छ । यदि समाजिक परीक्षण र लेखापरीक्षण गर्न नसकेमा अर्को आर्थिक वर्षमा अनुदान रकम निकास दिईने छैन ।

**९. अनुगमन तथा मूल्याङ्गन सम्वन्धि व्यवस्थाः**(क) निकासा गरीएको अनुदान तथा सहायता रकम तोकियको कार्य भए नभएको सम्बन्धमा गाउँपालिका आफै ले अनुगमन तथा मूल्याङ्गन गरी गराई प्रतिवेदन माग गर्ने छ।

(ख) अनुगमन तथा मुल्याङ्कनको प्रतिवेदनमा अनुदान तथा सहायता रकम बाट तोकियको कार्य नभएको भनि पाईएमा गाउँपालिकाले प्रचलित कानुन अनुसार काम गर्न निर्देशन दिने छ र सो निर्देशन सम्वन्धित निकाय र पदाधिकारीले पालना गर्नु पर्ने छ ।

**१०. बाधा अड्काउ फुकाउ तथा संशोधन** : (क) कार्यविधि कार्यन्वयनमा कुनै बाधा अडकाउ फुकाउन परेमा कनकासुन्दरी गाउँ कार्यपालिकाले गर्ने छ ।

आज्ञाले

दिपेन्द्र भण्डारी

प्रमुख प्रशासकीय अधिकृत